# बर्दिया जिल्ला अदालतबाट जिल्ला बर्दिया ठाकुरबाबा नगरपालिकामा संचालित समुदायमा अदालत (Judicial Outrich) कार्यक्रमको प्रतिवेदन

बर्दिया जिल्ला अदालतको आयोजनामा मिति २०७६।२।३१ गतेका दिन बर्दिया जिल्ला ठाकुरबाबा न.पा. को सभा हलमा मानानिय जिल्ला न्यायाधिश श्री दिल प्रसाद सापकोटाज्यू को अध्यक्षतामा समुदायमा अदालत (Judicial Outrich) कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा माननिय जिल्ला न्यायाधिश श्री दिल प्रसाद सापकोटा, ठाकुरबाबा न.पा. का नगर उपप्रमुख श्री कृष्णा कुष्मा थारु, जिल्ला न्यायाधिवक्ता श्री दशरथ गौतम, बर्दिया जिल्ला अदालतका श्रेस्तेदार श्री यम प्रसाद बासकोटा, ठाकुरबाबा नगर पालिकाका कार्यकारी अधिकृत श्री चेत प्रसाद उप्रेती, वर्दिया जिल्ला अदालतका तहशिलदार शा.अ. श्री राजेन्द्र कुमार शर्मा, वर्दिया जिल्ला अदालतका शा.अ. श्री अनिता पौडेल, ई.प्र.का. भुरीगाँउका प्रहरी इन्सपेक्टर श्री प्रदिप कुमार डि.सी. वैतनिक कानुन व्यवसायी श्री कमल प्रसाद पाण्डे, अधिबक्ता श्री जंग बहादुर खड्का, स्थानिय राजनितिक पार्टिका प्रतिनिधिहरु, मेलमिलाप संयोजक, सामाजिक मेलमिलापकर्ता, न्यायिक समितीका सदस्यहरु लगायतको उपस्थिती थियो ।

उक्त कार्यक्रमको संचालन बर्दिया जिल्ला अदालतका तहशिलदार शा.अ. श्री राजेन्द्र कुमार शर्माले गर्नु भएको थियो । बर्दिया जिल्ला अदालतका शा.अ. अनिता पौडेलले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य तथा औचित्यमाथी प्रकाश पार्दै अदालतमा दर्ता हुने विभिद प्रकृतीका मुद्दा, विविध प्रकृतीको मुद्दामा अपनाइने कार्यविधिगत विविधता तथा सामान्य, संक्षिप्त र विषेश कार्यविधी लागु हुने मुद्दाका सम्वन्धमा जानकारी गराउदै अदालतका कमि कमजोरी तथा प्रक्रियागत अन्योलताका सम्वन्धमा निर्भिक रुपमा आफ्ना धारणा, विचारहरु तथा जिज्ञासाहरु राख्नका लागी आग्रह गर्नु भएको थियो । तत् पश्चात मुद्दा फैसला भइ सकेपछि फैसला कार्यान्वयनका विविध कार्यविधी तथा डोरमा देखिने गरेका जटिलतालाइ संवोधन गर्दै अदालतको काम कारबाहिमा अवरोध गर्दा आउन सक्ने जटिलता तथा अदालतको दण्ड जरिवाना असुललीमा सहयोग गरे बापत प्राप्त हुन सक्ने

प्रोत्साहन भत्ता समेतको सम्वन्धमा वर्दिया जिल्ला अदालतका तहशिलदार श्री राजेन्द्र कुमार शर्माले प्रकाश पार्नु भएको थियो । त्यस्तै कार्यक्रममा न्यायमा पहुच र असहाय र विपन्न समुदायको व्यक्तिलाइ कानुनी सहायता प्रदान गर्ने वैतनिक वकिलको भुमिका, वर्दिया जिल्ला अदालतमा वैतनिक वकिलको रुपमा आफुले निर्वाह गरिरहेको भुमिका, अदालतमा वैतनिक वकिलको सुविधा प्राप्त गर्ने प्रक्रिया तथा स्थानिय शाशन संचालन ऐनले स्थानिय निकायमा प्रदान गरेको न्यायिक अधिकार तथा न्यायिक समितिले निर्वाह गर्नुपर्ने भुमिका सम्वन्धमा वैतनिक वकिल अधिवक्ता श्री कमल प्रसाद पाण्डेले प्रकाश पार्नु भएको थियो । मन्तव्यको क्रममा सरकारवादी फौजदारी मुद्दाहरुको अनुसन्धान सम्वन्धी कानुनी व्यवस्था, सरकारवादी फौजदारी मुद्दाको अभियोजनमा सरकारी वकिलको भुमिका तथा फौजदारी र देवानी प्रकृतिका मुद्दामा भिन्नता सम्वन्धमा जिल्ला सरकारी वकिल कार्यालय वर्दियाका जिल्ला न्यायाधिवक्ता श्री दशरथ गौतमज्युले प्रकाश पार्नु भएको थियो । त्यस्तै अदालतले प्रदान गर्ने सेवा सुविधाका सम्वन्धमा वर्दिया जिल्ला अदालतका श्रेस्तेदार श्री यम प्रसाद बास्कोटा ज्यूले प्रकाश पार्नु भएको थियो । मन्तव्यको क्रममा ठाकुरबाबा न.पा. का उप प्रमुख श्री कृष्णा कुष्मा थारुले ठाकुरबाबा न.पा. मा न्यायिक समितिले खेलेको भुमिका तथा यसले भोग्नु परेका विभिद समस्या र चुनौतीका सम्वन्धमा प्रकाश पार्नु भएको थियो । कार्क्रममा सहभागिहरुलाइ समेत आफ्ना विचार तथा जिज्ञासाहरु राख्न आग्रह गरिएको थियो । सो क्रममा सहभागिबाट निम्न विषयमा जिज्ञासाहरु राखिएको थियो ।

1. व्यक्तिगत लेनदनेको क्रममा कुनै व्यक्तीबाट लिनु पर्ने रकम वापत ३/४ महिना पछाडीको चेक काटिदिने र चेक साट्न जाँद रकम प्रयाप्त नभएकोले भुक्तानी पाउन नसकिने र चेक अनादरको मुद्दा चलाउदा सम्म उक्त व्यक्तीले आफ्नो नाउको चल अचल सम्पत्ती अन्य व्यक्तीका नाउमा नामसारी गरि असुल उपर गर्न समेत नसकिने समस्या छ यसको समाधान कसरी हुन सक्छ ?
2. राष्ट्रिय निकुन्ज भित्र पट्यौला(च्याउ) टिप्न गएको अवस्थामा आर्मीले गोली हानी हत्या गरेको र पछि सड्यन्त्रपूर्वक बाघ मार्न आएको सिकारी हो भनि प्रमाणित गर्न

3. निज मृत व्यक्तिको अगाडी बाघलाई पासो थाप्ने सामग्री तथा बाघलाइ विच्छाउने जालो राखि फोटो खिचि अपराधी कायम गरेको अवस्था छ। अदालतबाट यसको उचित छानविन किन हुन सकेको छैन ?
4. श्रिमतीको कारणले सम्वन्ध विच्छेद हुने भएमा श्रीमानले श्रीमतीलाइ अंश दिनु पर्ने हो होइन?
5. मध्यवर्ती क्षेत्रका हामी जनताहरुको बाली नाली लगायतको सम्पत्ती राष्ट्रिय निकुन्जका जंगली जनवारले नष्ट गरेको छ । सरकारले हामीलाइ सो को क्षेतीपुर्ति भराइदिनु पर्ने हो होइन? के कसरी उक्त क्षितीपुर्ती भराइ पाउन सकिन्छ?
6. मुद्दामा साक्षीको के कस्तो महत्व हुन्छ? साक्षी वस्न जरुरी छ वा छैन?
7. अदालतको अवहेलनामा मुद्दा चल्ने गरेको छ छैन? व्यक्तिले मात्र नभइ सरकारी निकायहरुले समेत अदालतको आदेशको पालना नगरेको अवस्था छ तर ति निकायलाई कारबाही भएको देखिदैन । त्यस्ता निकायलाई अदालतको अबहेलनामा कारबाही हुनु पर्ने हो वा होइन?

बर्दिया जिल्ला अदालतका माननिय जिल्ला न्यायाधिश श्री दिलप्रसाद सापकोटा, जिल्ला न्यायाधिबक्ता श्री दशरथ गौतम तथा श्रेस्तेदार श्री यम प्रसाद वास्कोटाले सहभागिहरुबाट उठेका जिज्ञासाको सम्वोधन गर्नु भएको थियो । कार्यक्रमको अध्यक्षता गर्नु भएको माननिय जिल्ला न्यायाधिश श्री दिलप्रसाद सापकोटाले समापन मन्तव्य दिदै न्यायाधिश आम जनताबाट अलग व्यक्तित्व नभएको र आफु सधै जनताको माझ भएकाले आफुमा परेका अन्यायलाइ दबाएर नवस्न आग्रह गर्दै आफु सधै न्यायको पक्षमा रहेकोले आफ्ना भनाइहरु सधै निर्धक्क भएर राख्न आग्रह गर्नु भएको थियो । साथै वहाँले अदालतले आँफै सक्रिय भइ सहयोग नगरी विवाद लिएर आएको विषयमा मात्रै निर्णय गर्ने भएकोले समाजले घटनाको छानविनमा पुर्याएको सहयोगले मात्र घटनाको यथार्थ विवरण आउने र वास्तविक अपराधिले मात्र सजाय पाउने हुँदा समाजनै पहिलो अदालत भएको कुरा अवगत गराउनु भएको थियो । हरेक अपराधको छानविनमा सहयोग गर्न सवैलाइ आग्रह गर्दै ठाकुरबाबा न.पा. को न्यायिक समितिले

गरेको उल्लेखनिय कार्यप्रति धन्यबाद समेत व्यक्त गर्नु भएको थियो । त्यसैगरि उँहाले प्रमुख अतिथिको रुपमा उपस्थित नगर उपप्रमुख प्रति आभार प्रकट गर्दै नगरपालिकाको सभाहल उपलब्ध गराइ सम्पूर्ण व्यवस्थापन मिलाइदिनु भएकोमा व्यवस्थापन समुह तथा उपस्थित सम्पूर्ण सहभागिहरुलाइ धन्यबाद दिइ कार्यक्रमको समापन गर्नु भएको थियो ।

प्रतिवेदक

यम प्रसाद बास्कोटा

श्रेस्तेदार- उपसचिब

बर्दिया जिल्ला अदालत

मिति २०७६।३।१